**प्रधानमन्त्री**

काठमाडौं, नेपाल ।

## शुभकामना

नेपालका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक र साहसिक पर्यटकीय क्षेत्र विश्वभर आकर्षक गन्तव्य क्षेत्रको रूपमा रहेको छ। हाम्रो यिनै आकर्षक गन्तव्यहरूलाई पर्यटकीय गतिविधिसँग आबद्ध गर्दै विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न आवश्यक छ। नेपालमा रहेका पर्यटकीय वस्तुको पहिचान, विकास, सञ्चालन, प्रवर्द्धन र संवर्द्धन गर्दै विश्वभरिका पर्यटकलाई आकर्षण गरी विदेशी मुद्राको आर्जन, रोजगारी सिर्जना र राष्ट्रिय आयको अभिवृद्धिका साथै पर्यटन उद्योगलाई मुलुकको अर्थतन्त्रको बलियो आधार स्तम्भको रूपमा स्थापित गर्नुपर्ने आवश्यकता रहेको छ।

UNWTO ले २७ सेप्टेम्बर २०२५ मा ४६ औं विश्व पर्यटन दिवस "Tourism and Sustainable Transformation" Theme मा मनाउने सन्दर्भमा नेपालले पनि विभिन्न कार्यक्रमहरू गर्दै ४६औं विश्व पर्यटन दिवस मनाउँदै छ। यस वर्षको दिवसले पर्यटनलाई दिगो विकास, आपसी समझदारी र अन्तर्राष्ट्रिय मित्रताको आधार स्तम्भका रूपमा प्रवर्द्धन गर्न प्रेरित गरेको छ।

सुशासनको अभिलाषा सहित नेपालमा विकसित पछिल्लो घटनाक्रम, युवा पुस्ताको आन्दोलनबाट पर्यटन क्षेत्रमा परेको असर न्यूनीकरणका लागिं नेपाल सरकारले प्राथमिकताका साथ कार्य गर्नेछ। आन्दोलनका क्रममा क्षति भएका निजी र सार्वजनिक पर्यटकीय संरचनाको पुनः निर्माणका लागि प्रोत्साहन गर्दै पर्यटकका लागि नेपाल सुरक्षित छ भन्ने सन्देश विश्व समुदायमा पुऱ्याउनुपर्ने छ। नेपाल, अद्वितीय प्राकृतिक सौन्दर्य, जैविक विविधता, बहुजातीय-बहुभाषिक सांस्कृतिक सम्पदा र विश्व प्रसिद्ध हिमालहरू रहेको पर्यटकहरूको लागि महत्त्वपूर्ण एक गन्तव्यको रूपमा रहेको छ। हिमालदेखि तराईसम्म, संस्कृतिदेखि साहसिक क्रियाकलापहरूले दिने अनुभव अद्वितीय छ, जसले हाम्रा अतिथिहरूलाई "अतिथिदेवो भवः" भन्ने हाम्रो परम्पराको वास्तविक अनुभव दिलाउँछ।

नेपाल सरकार पर्यटन पूर्वाधारको विस्तार, सेवा स्तरको उन्नयन, पर्यटनमैत्री नीतिगत सुधार तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रवर्द्धनमार्फत यस क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड बनाउन प्रतिबद्ध छ। पर्यटनले रोजगारी सिर्जना, ग्रामीण विकास र सांस्कृतिक सम्पदा संरक्षणमा महत्त्वपूर्णः योगदान पुऱ्याइरहेको छ र अझै थप योगदान पुऱ्याउन सकोस् भन्ने हाम्रो साझा आकाङ्क्षा हो।

म यस अवसरमा पर्यटकहरूका लागि नेपाल सुरक्षित गन्तव्य रहेको सन्देशका लागि आवश्यक कार्यहरू गर्न अनुरोध गर्दछु। साथै, पर्यटन व्यवसायमा संलग्न सम्पूर्ण पर्यटन व्यवसायीहरूलाई गुणस्तरीय सेवा, न्यानो आतिथ्यता र पर्यावरणमैत्री अभ्यासमार्फत नेपाललाई अझ आकर्षक गन्तव्य बनाउन आह्वान गर्दछु।

४६औं विश्व पर्यटन दिवसको अवसरमा म यस क्षेत्रमा संलग्न सम्पूर्ण सरकारी एवम् गैर सरकारी निकाय, सङ्घ/संस्था, व्यवसायी, सञ्चार जगतलाई पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा सहकार्य गर्दै अगाडि बढ्न र नेपाललाई अन्तर्राष्ट्रिय जगतमा सुरक्षित र भरपर्दो पर्यटकीय गन्तव्यको रूपमा प्रचार प्रसार गर्न अनुरोध गर्दछु। नेपालको पर्यटन व्यवसायमार्फत देश विकासमा पुऱ्याउनुभएको योगदान तथा धैर्यताका लागि धन्यवाद ज्ञापन गर्दछु। ४६ औं विश्व पर्यटन दिवसको अवसरमा पर्यटन क्षेत्रमा संलग्न सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

सुशीला कार्की

**सुशीला कार्की**

**११ असोज २०८२**

**२०२५ सेप्टेम्बर २७, शनिबार**